# महाकाली नगरपालिका
## Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpaschim Province, Nepal

पत्र संख्याः २०७८/०७९
चलानी नम्बरः १०६६

मितिः २०७८/१०/१०

श्री सम्बन्धित सबैको जानकारीका लागि ।

**विषयः कोभिड-१९ खोपको अतिरिक्त मात्रा (Booster Dose) अभियान संचालन हुने बारे ।**

उपरोक्त सम्बन्धमा स्वास्थ्य कार्यालय दार्चुलाको च.नं. १३३ मिति २०७८/१०/०९ गतेको प्राप्त पत्रानुसार दार्चुला जिल्लामा २०७८ असार मसान्त भित्र कोभिड-१९ विरुद्धको खोपको दोस्रो मात्रा पुरा गरेका तपसिलमा उल्लेखित समूहका व्यक्तिहरुलाई कोभिड-१९ बिरुद्धको खोपको अतिरिक्त मात्रा (**Booster Dose**) खोप प्रदान गर्ने सम्बन्धमा जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिको मिति २०७८/१०/०९ गते बसेको बैठकले निर्णय समेत गरेको हुदाँ खोपको **लक्षित समूह भित्र पर्ने** म.न.पा.भित्र स्थायी/अस्थायीरुपमा बसोबास गर्ने सम्पूर्ण आम नागरिकहरुले तपसिलको मिति, स्थान र समयमा आ-आफ्नो पायक पर्ने ठाउँमा गइ खोप लगाउन हुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरिन्छ ।

तपसिलः

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | खोप संचालन हुने मिति | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी छापरी | २०७८/१०/१२-१४ गते सम्म | अम्बा दत्त भट्ट | ९८४८८८६२९४ |
| २ | स्वास्थ्य चौकी काँटै | २०७८/१०/१२-१४ गते सम्म | हरक सिंह साहु | ९८६४७९९००५ |
| ३ | स्वास्थ्य चौकी खलंगा | २०७८/१०/१२-१४ गते सम्म | केशर सिंह बुढाथोकी | ९८६४७५९९२८ |
| ४ | आ.स्वा.के. बाङगाबगर | २०७८/१०/१२-१४ गते सम्म | जगत सिंह साहु | ९८६८७७३९६० |
| ५ | कर्मचारी मिलन केन्द्र | २०७८/१०/१२-१४ गते सम्म | गोबिन्द राज जोशी | ९८४८८५६०२५ |
| ६ | स्वास्थ्य चौकी धाप | २०७८/१०/१२-१४ गते सम्म | देब सिंह फर्स्वान | ९८४६२७३६२४ |
| ७ | स्वास्थ्य चौकी दत्तु | २०७८/१०/१२-१४ गते सम्म | जय बहादुर फर्स्वान | ९८४८८९३२२५ |
| खोप लगाउन आउदा खोप कार्ड अनिवार्य रुपमा लिएर आउनु होला । | | | | |

बोधार्थः
श्री स्वास्थ्य कार्यालय, दार्चुला- खोपको अनुगमन तथा सहजिकरणका लागि
श्री सूचना प्रविधा शाखाः पत्र वेभसाईटमा अपलोड गरिदिन हुन ।

२०७८/१०/१०
नर सिंह बडाल
नि.प्र.प्र.अ
नि.प्रमुख प्रशासकिय अधिकृत


ईमेल info@mahakalimun@gov.np, mmdarchula@gmail.com, website www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mahakalimun
फोन नं०९३-४२०१३७, टोल फ्री न. १६६०९३४२१३७

प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
सामाजिक विकास मंन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
दार्चुला

☎ ०९३- ४२०१८८
०९४- ४२००९७
ई-मेल : dhodarchula@gmail.com

प.सं : ०७८/०७९
चं.नं : १३३

मिति : २०७८/१०/०९

विषय :कोभिड १९ विरुद्धको खोप (अतिरिक्त मात्रा) अभियान संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

श्री महाकाली, शैल्यशिखर न.पा ।
श्री ब्यास, दुहुँ, नौगाड, मार्मा, अपिहिमाल, मालिकार्जुन, लेकम गा.पा ।

प्रस्तुत विषय सम्बन्धमा दार्चुला जिल्लामा २०७८ अषाढ मसान्त भित्र कोभिड-१९ विरुद्ध खोपको दोस्रो मात्रा पुरा गरेका तपसिलमा उल्लेखित समुहका व्यक्तिहरुलाई कोभिड-१९ विरुद्धको खोपको अतिरिक्त मात्रा (बुष्टर) खोप प्रदान गर्न सम्बन्धमा जिल्ला कोभिड -१९ खोप समन्वय तथा अनुगमन समितिको मिति २०७८/१०/०९ गतेको बसेको बैठकको निर्णय अनुसार तपसिल बमोजिम खोप अभियान सञ्चालन तथा व्यवस्थापनका गर्ने गराउने व्यवस्थाका लागि अनुरोध छ ।

जय राज भट्ट
(जन स्वास्थ्य अधिकृत)

तपसिल

१.अभियान संचालन हुने मिति :
मिति २०७८/१०/१२ देखि २०७८/१०/१४ सम्म

२ खोपको लक्षित समुह
मिति २०७८ साल अषाढ मसान्त सम्म खोपको दोस्रो मात्रा पुरा गरेका निम्न उल्लेखित समूह

(क) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत अन्य कर्मचारी
(ख) सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका
(ग) सरसफाईकमी, एम्बुलेन्स तथा शव वाहान चालक
(घ) सुरक्षाकर्मी
(ङ) जनप्रतिनिधि
(च) सार्वजनिक सेवामा कर्मचारी
(छ) शिक्षक
(ज) पत्रकार
(झ) दार्चुला जिल्लाको ब्यास गा.पा वडा नं १ का वासिन्दा

३) हाल सम्म कोभिड-१९ विरुद्धको खोप नलाएका तथा खोप को दोस्रो मात्रा पुरा नगरेका व्यक्तिहरुले खोपको उपब्धताका आधारमा खोप प्रदान गर्ने ।

४. खोपकेन्द्र संचालन तथा जनशक्ति परिचालन
खोप तथा खोपजन्य सामग्री प्राप्त भए पश्चात पूर्व निर्धारित मितिमा खोप अभियान सुरु गर्ने, पालिका अन्तरर्गत रहेको सम्पूर्ण स्वास्थ्य चौकी र अस्पताल स्तरमा खोप केन्द्र संचालन, प्रत्येक खोप केन्द्रको लागि १ जना स्वयंसेवक र १ जना खोप दिने स्वास्थ्यकर्मी र थप स्वयंसेवक, स्वास्थ्यकर्मी र खोप केन्द्रको लागि लक्षित जनसंख्याको आधारमा स्वास्थ्य कार्यालयको समन्वयमा गर्ने ।

**बोधार्थ**
श्री स्वास्थ्य निर्देशनालय दिपायल, डोटी
श्री जिल्ला प्रशासन कार्यालय, दार्चुला